# लिखु गाउँपालिकाको
# बार्षिक नीति तथा कार्यक्रम, २०७५

गाउँसभाबाट स्वीकृत मिति २०७५।०३।१०

## लिखु गाउँपालिका

# लिखु गाउँ सभाको बैठकमा २०७५ साल असार १० गते
# गाउँ कार्यपालिकाको तर्फबाट
# उपाध्यक्ष रोजिना राईले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७५/७६ को
# बार्षिक नीति तथा कार्यक्रम

## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## नुवाकोट
## २०७५

# आ.व. २०७५।७६ का लागि गाउँ सभामा प्रस्तुत
# बार्षिक नीति तथा कार्यक्रम

**श्रीमान् गाउँ सभाका अध्यक्षज्यू**

१. नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनको सिलसिलामा संघीय सरकारबाट लिखु गाउँपालिका अन्तर्गत हस्तान्तरण भई आउने सरकारी निकाय, कार्यक्रम तथा कर्मचारीहरुको व्यवस्थापनलाई उचित प्राथमिकताका दिईने छ। यसै अनुरुप हस्तान्तरण भई आउने तथा हाल मौजुदा जनशक्तिबाट प्रभावकारी सेवा प्रवाहको लागि कर्मचारीको क्षमता विकास गरिनेछ। स्थानीय तहमा नै "सिंहदरबारको" महसुस गराउन आम नागरिकको पहुँच तथा संस्थागत सबलीकरणमा जोड दिईनेछ। आगामी आर्थिक बर्षलाई **स्थानीय स्वायत्त शासनको प्रणाली विकासको बर्षको** रुपमा लिईनेछ।

२. जनताले अनुभूति गर्न सक्ने गरी विकासका प्रतिफल प्राप्त हुने खालका रणनीतिक रुपले महत्वपूर्ण र स्थायी संरचना विकास हुने खालका योजना तर्जुमा एवं प्राप्त स्रोतको एकीकृत परिचालन गरी विकासका ठूला एवं वहुबर्षीय आयोजना सञ्चालनमा विशेष जोड दिईनेछ।

३. "एक वडा एक मूल सडक" को अवधारणा अनुरुप बस्तीलाई जोड्ने ग्रामिण सडक सञ्जालको स्तर उन्नति गरी बाह्रै महिना यातायात सञ्चालन हुने अवस्थाको सिर्जना गरी जनताको दैनिक जीवनशैलीलाई परिवर्तन गर्ने नीति लिइनेछ।

४. अत्यावश्यक एवं उपयोगी सेवाहरुलाई व्यवस्थित गर्दै लैजाने र विकासका ठोस कार्यक्रम मार्फत जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै लैजाने तर्फ विशेष पहल गरिनेछ।

५. शिक्षा नै विकासको मूल आधार हो भन्ने मान्यताका साथ गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको स्तरीकरण एवं रोजगारमूलक प्राविधिक शिक्षा प्रदान गर्ने तर्फ विशेष क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

६. लिखु गाउँपालिकाको योजनावद्ध रुपमा सबै क्षेत्रको सन्तुलित विकासका लागि आवधिक विकास योजना र क्षेत्रगत विकास योजना तर्जुमा गरी लागू गरिनेछ।

७. महिला, आदिवासी जनजाती , दलित , विपन्न एवं अल्पसंख्यक समुदायको लागि व्यवसायिक तालिम मार्फत क्षमता विकास गरिने र प्राप्त ज्ञान सीपलाई व्यवसायीकरण गर्न उपकरण तथा बीऊ पूँजीको समेत व्यवस्था गरिनेछ।

८. लिखु गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकी एवं स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरी आकस्मिक र अत्यावश्यक स्वास्थ्य सेवा सञ्चालनको व्यवस्था मिलाईनेछ।

९. सेरोफेरोमा रहेर उपयोगमा आउन नसकेका जडिबुटी जनतालाई चिनाउने, विद्यार्थीलाई समेत स्थानीय जडिबुटीको बहुउपयोगी गुणका बारेमा प्रशिक्षित गरी आर्युर्वेद एवं योग संस्कृतिको विकास एवं स्थानीय जडिबुटीको संरक्षण, संकलन र उपयोगमा विशेष जोड दिईनेछ।

१०. भूकम्प प्रभावित परिवारलाई राज्यबाट प्रदान गरिने सुविधा एवं अनुदान प्राप्त गर्न एवं सदुपयोग गर्ने क्रममा देखिएका समस्या समाधानको लागि पहल गरिनेछ । साथै हालै पुननिर्माण प्राधिकरणबाट प्राप्त गुनासो संबोधनमा समेत कतिपय वास्तविक भुकम्प पीडितहरुको नाम अझै छुट हुन गएको हुँदा लाभग्राही सुचीमा सूचीकृतको लागि आवश्यक कार्य अघि बढाइनेछ ।

११. युवाहरुको चौतर्फी विकासका लागि गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माण तथा युवा लक्षित खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. विकासको अभियानमा निजी, गैरसरकारी र सहकारी क्षेत्रलाइ सक्रिय बनाउन सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको प्रणाली विकास गरिनेछ ।

१३. कृषि खेतीलाई व्यवसायीकरण, बजारीकरण र विस्तारीकरणको लागि आवश्यक पर्ने पूर्वाधारहरु सिंचाई, शितगृह, संकलन गृह र कृषि सञ्जालीकरणको व्यवस्था गरी कृषि क्षेत्रप्रति युवा पुस्ताको आकर्षण बढाउने तर्फ विशेष जोड दिईनेछ ।

१४. मुख्य सडकको दुईपट्टी वृक्षारोपण, विद्यालय उद्यान, सडक छेउछाउ वायो इन्जिनियरिङका माध्यमबाट वातावरण मैत्री विकासलाई प्रवर्द्धन गरिनेछ ।

१५. गाउँपालिका क्षेत्र भित्रका पुरातात्विक सम्पदाहरुको विकास र संरक्षणका लागि अन्तर सरकारी सहकार्यबाट समेत संरक्षणात्मक, प्रवर्धनात्मक र विकासात्मक कार्यहरु गरिनेछ ।

१६. जनउत्तरदायी स्थानीय सरकारको अनुभूति गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आथिर्क एवं वित्तिय अनुसासनलाई प्रवर्द्धन गरिनेछ ।

१७. गाउँपालिका क्षेत्रभित्र बैंक तथा वित्तिय संस्थाको विकास मार्फत जनतालाई नजिकबाट वित्तिय सेवा, लघु वित्त, लघु कर्जाको सुविधा मार्फत स्वरोजगार एवं पेशाको आधुनिकीकरण र व्यवसायिकरण गर्दै लगिनेछ ।

१८. भूमिको खण्डीकरण रोकी कृषि भूमीको चक्लाबन्दी गर्ने र शहरीकरणलाई व्यवस्थित गर्न गाउँपालिकामा व्यवस्थित सहरीकरण योजना (Town Planning) तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१९. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय आकस्मिक कोषको व्यवस्था, गाउँपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनमा जोड दिई विपद् पूर्व तयारी, पूर्व सतर्कता र सजगता अपनाईने छ ।

२०. नियमित बजार अनुगमन तथा गुणस्तर परीक्षण गरी सुरक्षित उपभोगलाई सूनिश्चित गर्दै उपभोक्ताहरुको अधिकार र हीतलाई सम्मान र संरक्षण गरिनेछ ।

२१. प्राकृतिक श्रोत साधनको उपयोगलाई दीगो बनाउन संरक्षणात्मक कार्यलाई समेत सँगसगै सञ्चालन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

२२. पशुपालन पंक्षी व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लगिने छ ।

२३. सामुदायिक वनको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुलाई नयाँ र ठोस कार्ययोजना बनाउन सहजीकरण गर्ने र बन जंगल एव जंगली जीवजन्तुको संरक्षणसम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ। डँढेलो रोकथाम एवं नियन्त्रणको लागि सम्बन्धित स्थलहरुमा होर्डिङबोर्ड राखी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२४. स-साना खानेपानी आयोजनाहरुलाई एकत्रित गरी सामुदायिक खानेपानीका योजनाहरु तय गर्ने र घर घरमा धारो वितरण गर्न सक्ने गरी खानेपानी प्रणालीको विकास गरिनेछ ।

२५. सिंचाई सम्बन्धी योजना तर्जुमा गर्दा पक्की संरचना निर्माण हुने गरीमात्र स्रोतको परिचालन गर्ने र लाभग्राहीको योगदानका आधारमा आयोजना सञ्चालन गरिनेछ ।

२६. फूटकर र टुक्रे योजनाहरुलाई निरुत्साहित गरी ठूलो र प्रभावयोग्य आयोजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

२७. ग्रामीण विद्युतीकरण अर्न्तरगत काठको पोलहरुलाई फलामको पोलले विस्थापित गर्ने योजना सञ्चालन गरिनेछ ।

२८. लिखु गाउँपालिकाका मुख्य सडकहरु र चोकमा सौर्य सडक बत्ती जडान गरिनेछ ।

२९. फोहोरमैला व्यवस्थापन गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. छहरे ,थानसिङ , ढिकुरे लगायत अन्य स्थानहरुमा प्रतीक्षालय तथा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

३१. बैकल्पिक उर्जाका प्रविधिहरु गोबरग्याँस, सौर्य उर्जा, सुधारिएको चूलो लगायत अन्य प्रविधिहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

३२. सूचना प्रविधिलाई विशेष प्राथमिकता दिई Mobile App, Integrated software , Biometric attendance , CCTV लगायतका प्रविधिहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

३३. कम्तीमा १५ शैयाको गाँउपालिका स्तरीय अस्पताल निर्माणको लागि जग्गा व्यवस्थापन गरी प्रक्रिया अगाडी बढाइनेछ ।

३४. सावजनिक उद्यान(पार्क) निर्माणको लागि उपयुक्त स्थान छनौट गरी योजना अगाडि बढाइनेछ ।

३५. परम्परागत कला संस्कृतिको जगेर्ना गर्ने हेतुले घाटु नाच, लाखे नाच लगायत अन्य परम्परा, संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ ।

३६. गुप्तेश्वर महादेव गुफा लगायत अन्य पर्यटकीय स्थलहरुको संरक्षण गरिनेछ ।

३७. लिखु गाँउपालिकाको विकास निमार्ण लगायत अन्य क्रियाकलापहरुको प्रसारण समेत गर्ने उद्देश्य राखि निजी क्षेत्रको समेत सहकार्यमा एफ एम रेडियो संचालन गर्ने नीति लिईनेछ ।

३८. लिखु, तादी खोलाको वगरहरुमा तरबुजा खेती प्रवर्द्धन गरिनेछ ।

३९. यस गाउंपालिकाका नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण गरिनेछ।

४०. वालवालिका हरुका लागि दिवा खाजा उपलब्ध गराउन विद्यालयहरुलाइ अनुदान उपलब्ध गराइनेछ ।

४१. माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन गरिनेछ।

४२. विद्यालयहरुमा शिक्षण सिकाइमा सूचना प्रविधिको विकासमा जोड दिइनेछ।

४३. माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापनाको लागि अनुदान उपलब्ध गराइनेछ।

४४. विद्यालयहरुमा पानी तथा स्वास्थ्य र सरसफाइ सुविधा सहितको शौचालय निर्माण गरिनेछ ।

४५.लिखु गाउँपालिकाको मुख्य प्रवेश विन्दुमा स्वागत गेट निर्माण गरिनेछ।

# लिखु गाउँ सभाको बैठकमा २०७५ साल असार १० गते
# गाउँ कार्यपालिकाको तर्फबाट
# उपाध्यक्ष रोजिना राईले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७५/७६ को
# बजेट वक्तव्य

लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट

२०७५

गाउँपालिकाका अध्यक्षज्यू,

गाउँसभाका सदस्य ज्यू,

आगामी आर्थिक वर्षका लागि रु २८ करोड ३७ लाख ८९ हजार विनियोजन गरेको छु । यस वजेट अन्तर्गत वित्तीय समानीकरण तर्फ रु ७ करोड ३३ लाख २ हजार रहेको छ भने सशर्त अनुदान वा विषयगत निकायको रु ११ करोड ५१ लाख ९७ हजार रहेको छ । सशर्त अनुदान मध्ये संघीय सरकार बाट प्राप्त हुने ९ करोड ९४ लाख र प्रदेश सरकारबाट १ करोड ५७ लाख ९७ हजार रहेको छ । राजस्व बाँडफाँडबाट ५ करोड २ लाख ९० हजार अनुमान गरेको छु । जसमध्ये संघीय राजस्व बाँडफाँड ४ करोड २२ लाख ८३ हजार र प्रदेशबाट प्राप्त हुने सवारी साधन कर तर्फको राजस्व बाँडफाँड ८० लाख ०७ हजार रहने अनुमान छ । साथै आगामी आर्थिक वर्षमा कुल राजस्व आम्दानीमा आन्तरिक आयबाट रु ५० लाख संकलन गर्ने अनुमान गरेको छु । साथै ढुंगा गिटी बालुवाबाट ८० लाख आय हुने अनुमान गरेको छु ।

अध्यक्ष महोदय,

चालू आ. व. को जम्मा नगद मौज्दात ३ करोड २० लाख हुने संशोधित अनुमान छ । यस गाउँपालिकामा प्राप्त अनुदान, राजस्व बाँडफाँड र आन्तरिक आयबाट प्राप्त हुने रु १६ करोड १५ लाख ९२ हजार मध्ये चालु तर्फ रु ४ करोड २४ लाख र पूँजीगत तर्फ रु ११ करोड ९१ लाख ९२ हजार विनियोजन गरेको छु ।

अध्यक्ष महोदय,

वडा तहबाट नै यातायात सञ्जालको विकास, खानेपानीको व्यवस्था, शिक्षा, स्वास्थ्यको क्षेत्रको गुणस्तरीयता कायम लगायत अन्य क्षेत्रको विकास योजनाका लागि भौगोलिक अवस्थिति, क्षेत्रफल, मौजुदा पूर्वाधार सेवा सुविधा तथा अन्य सूचकका आधारमा जनसंख्या, भूगोल, सन्तुलित विकासलाई मध्यनजर गरी प्रत्येक वडामा कम्तीमा ६० लाख र बढीमा ७० लाख विनियोजन गरेको छु । वडा बाट सञ्चालन हुने योजना अन्तर्गत आर्थिक विकास तर्फ ३ करोड ८५ लाख तथा गत आ.व.मा वडामा सञ्चालित कार्यक्रमहरुको खर्च नभई बाँकी रहेको ७८ लाख २८ हजार समेत गरी ४ करोड ६३ लाख २८ हजार विनियोजन गरेको छु ।

अध्यक्ष महोदय,

पूर्वाधार विकास तर्फ ५ करोड ७३ लाख २८ हजार विनियोजन गरेको छु । विषयगत तर्फ समानीकरणबाट कृषिकोलागि २७ लाख ४७ हजार विनियोजन गरेको छु । शिक्षा तर्फ ३० लाख २० हजार, स्वास्थ्य र आर्युवेद तर्फ ५७ लाख २० हजार, लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

गाउँपालिकाको केन्द्रबाट सञ्चालनहुने नमूनायोग्य योजना सौर्य सडक बत्ती, ग्रामीण विद्युतीकरण आवश्यक रकम विनियोजन गरेको छु । नमूना योग्य रु ३८ लाख विनियोजन गरेको छु ।

सरकारी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवं प्रभावकारी बनाउन सूचना तथा प्रविधि विकास तर्फ रु १० लाख विनियोजन गरेको छु ।

अध्यक्ष महोदय,

मैले नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्दा सुशासन प्रवर्द्धन, ग्रामीण स्वास्थ्यको सुधार एवं वातावरण मैत्री ग्रामीण विकास, ग्रामीण गरिवी न्यूनिकरण, रोजगारीको प्रवर्द्धन, सामाजिक समावेशीकरणका सवालहरु, विपद व्यवस्थापन, वालमैत्री स्थानीय शासन पद्धति, दीगो आर्थिक विकास तथा सडक निर्माण एवं यातायातको संजाल मार्फत नागरिकका कष्टकर दैनिकीलाई सहज स्थितिमा बदल्ने आधारको रुपमा लिएको छु ।

अन्तमा, आजको यस गरिमामय नीति, वजेट तथा योजना सार्वजनिकीकरण कार्यक्रममा आफ्नो उपस्थिति जनाएर अमूल्य समय दिनुहुने विशिष्ट महानुभावहरु, योजना तथा कार्यक्रम छनोट तथा तयार गर्न सहयोग पुऱ्याउनु हुने गाउँसभा सदस्यज्यूहरु, कर्मचारीज्यूहरु, स्थानीय जनता लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो कार्य व्यस्तताको बावजुद पनि उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !!!